आज मिति २०८१ साल भाद्र महिनाको १८ गतेका दिन नरहरिनाथ गाउँपालिका, कालिकोटका अध्यक्ष श्री नगेन्द्र वहादुर विष्टको अध्यक्षतामा देहायें बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा वैठक बसी निम्नानुसारका निर्णयहरु गरियो।

**समय : बिहान १:०० बजे**

**उपस्थिति**

| सि.नं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री नगेन्द्र वहादुर विष्ट | अध्यक्ष | |
| २. | श्री कमल कुमार शाह | उपाध्यक्ष | |
| ३. | श्री जगत वहादुर विष्ट | वडा अध्यक्ष (वडा नं. १)/सदस्य | |
| ४. | श्री प्रेम वहादुर विष्ट | वडा अध्यक्ष (वडा नं. २)/सदस्य | |
| ५. | श्री कटक वहादुर वुढा | वडा अध्यक्ष (वडा नं. ३)/सदस्य | |
| ६. | श्री नन्द राम सहकारी | वडा अध्यक्ष (वडा नं. ४)/सदस्य | |
| ७. | श्री मान वहादुर सहकारी | वडा अध्यक्ष (वडा नं. ५)/सदस्य | |
| ८. | श्री पौराम कामी | वडा अध्यक्ष (वडा नं. ६)/सदस्य | |
| ९. | श्री खाम्म वहादुर वटाला | वडा अध्यक्ष (वडा नं. ७)/सदस्य | |
| १०. | श्री लाल वहादुर विष्ट | वडा अध्यक्ष (वडा नं. ८)/सदस्य | |
| ११. | श्री प्रदीप वोहरा | वडा अध्यक्ष (वडा नं. ९)/सदस्य | |
| १२. | श्री अम्सरा कुमारी वुढा | सदस्य | |
| १३. | श्री थुमा सहकारी(वुढा) | सदस्य | |
| १४. | श्री वन्दना देवी शाही | सदस्य | |
| १५. | श्री सुन्केशा सहकारी | सदस्य | |
| १६. | श्री करन नेपाली | सदस्य | |
| १७. | श्री जगत वहादुर दर्जी | सदस्य | |
| १८. | श्री युवराज पौडेल | प्रमुख प्रशासकीय अधिकृत/सचिव | |

**<u>प्रस्तावहरू</u>**

१. आर्थिक बर्ष २०८०/०८१ को अन्तिम लेखा परिक्षण सम्वन्धमा।
२. विद्यालय स्तरिकरण गर्ने सम्बन्धमा ।
३. विविध सम्वन्धमा।

**निर्णय नं. १**

प्रस्ताव नं.१ माथि छलफल गर्दा यस नरहरिनाथ गाउँपालिकाकोआ.व. २०८०/०८१ मा को अन्तिम लेखा परिक्षण प्रतिवेदन लेखा समितिले छलफल गरि कार्यपालिकामा पेश गरेको हुँदा आगामी गाउँसभामा छलफलका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथी छलफल गर्दा यस नरहरिनाथ गाउँपालिका भित्र रहेका सम्पूर्ण सामुदायिक विद्यालयहरुको शैक्षिक प्रशासनिक आर्थिक तवरले सुधार गर्न विद्यालयलाई तपसिलका सूचकहरुको आधारमा स्तरिकरण गर्ने निर्णय गरियो ।

१. भौतिक संरचना व्यवस्थित भएको ।
२. सूचना प्रविधिको प्रयोग र पँहुच भएको ।
३. कक्षा ८ र SEE नतिजाको आधारमा ।
४. शिक्षक दरबन्दिको व्यवस्थाको आधारमा ।
५. औषत सिकाई उपलब्धि ।
६. कक्षाकोठा व्यवस्थापन र सञ्चालित शैक्षिक क्रियाकलापको आधारमा ।
७. विद्यालयको प्रशासनिक तथा आर्थिक व्यवस्थापन ।
८. वालवालिका मैत्री शैक्षिक तथा आर्थिक व्यवस्थापन ।
९. वाल क्लव तथा वाल संरक्षण नीति तथा कार्यक्रम संचालन।

उपरोक्त बमोजिम निर्णय नं. १ र २ प्रमाणित गरिएको छ।

अध्यक्ष